**कपिलवस्तु नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तौलिहवा, कपिलवस्तु, ५ नं. प्रदेश, नेपाल**

# आशयपत्र माग सम्बन्धी सूचना

**बुटवल टुडेमा प्रथम पटक प्रकाशित मितिः२०७६।०६।०३**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम रोज़गार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस कपिलवस्तु जिल्लामा सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा कपिलवस्तु नगरपालिका, शिवराज नगरपालिका, बाणगँगा नगरपालिका र मायादेवी गाउँपालिकामा सचेतिकरण कार्यक्रमहरू, मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुनगईरहेको सुरक्षित आप्रवासन परियोजना (Safer Migration Project) का लागिआवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरूबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धि आशयपत्र (Expression of Interest) आव्हान गरिएको छ।

योग्यता पुगेका इच्छुक संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा कपिलवस्तु नगर कार्यपालिकाको कार्यालय, तौलिहवा, कपिलवस्तुमा आईपुग्ने गरि निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ। आशयपत्रको ढाँचा, सूचीकरणको आधार एवं अन्य थप आवश्यक जानकारीहरू कपिलवस्तु नगरकार्यपालिकाको वेभसाईट (http://kapilvastumun.gov.np/बाट डाउनलोड गर्न सकिनेछ।

१. **आशयपत्रदाताको योग्यताः**
   - दर्ता तथा नविकरण प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र आ.वा.२०७४।०७५ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने छ।
   - अनुभवः कम्तिमा पाँचवर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको।
   - प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ।

२. प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समयःकम्तिमा तीन वर्ष परामर्श सेवा प्रदान गर्नु पर्नेछ।

३. संक्षिप्त सूचीमा परेका फर्म, संस्थावा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धि प्रस्ताव माग गरिने छ ,

४. आशयपत्रदाताले आशयपत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिम कागजातहरू पेश गर्नु पर्नेछ।

५. आशयपत्र पेश गर्ने स्थानः कपिलवस्तु नगर कार्यपालिकाकाको कार्यालय, तौलिहवा, कपिलवस्तु

६. आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारबाहि गरिने छैन।

७. सुरक्षित आप्रवासन सम्बन्धि परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ।

८. यो सेवा प्रदान गर्नको लागि कुनै पनि ब्यक्ति वा संस्थासँग उप-सम्झौता (Sub-contract) गर्न पाईने छैन। तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जाल सँग उपसम्झौता गर्न यो बुँदाले बाधा पुऱ्याउने छैन।

**थप जानकारीका लागि**

**सम्पर्क ठेगाना र सम्पर्क ब्यक्तिः**कपिलवस्तु नगरकार्यपालिकाको कार्यालय, तौलिहवा, कपिलवस्तु

**सम्पर्क नं. सम्पर्क ब्यक्तिः** बलराम न्यौपाने फोन नं. ०७६-५६०९०१